# अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधि,२०७८

<u>प्रस्तावना</u>: अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समुदायमा रहने, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, रोजगारी प्राप्त गर्ने लगायतका अधिकार प्रदान गरी पुनर्स्थापना केन्द्र, सीप आर्जन तथा स्वास्थ्य उपचार र मनोरञ्जन लगायतका सेवाहरुको प्रवन्ध मिलाउने व्यवस्था गर्न, संघ र प्रदेशको लागत साझेदारीमा अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ। ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ग्राम" भन्नाले अपाङ्गता ग्राम सम्झनु पर्छ ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद– २

## अपाङ्गता ग्राम निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड

३. <u>अपाङ्गता ग्रामका लागि जग्गाको क्षेत्रफल सम्बन्धी मापदण्ड</u>: (१) अपाङ्गता ग्राम स्थापनाको लागि जग्गा छनौट गर्दा सामान्यतया देहाय बमोजिमको क्षेत्रफल भएको हुनुपर्नेछः-

(क) तराईमा ३ बिगाह,

(ख) पहाडमा २० रोपनी र

(ग) हिमालमा १० रोपनी ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि जग्गाको उपलब्धता, औचित्य र आवश्यकताको आधारमा प्रदेश सरकारले गरेको सिफारिस बमोजिम हुनेछ।

४. <u>सेवा सुविधा सम्बन्धी व्यवस्था</u>: (१) अपाङ्गता ग्रामबाट प्राप्त हुने सेवा सुविधा देहाय बमोजम हुनेछः-

(क) पुनर्स्थापना केन्द्रः अपाङ्गता भएका असहाय व्यक्ति, आफू र आफ्नो सम्पति, स्याहार गर्ने परिवारका सदस्य वा संरक्षक नभएको अवस्थामा मात्र केन्द्रमा अपाङ्गताको अवस्थामा सुधार भई स्वावलम्वी/आत्मनिर्भर नहुञ्जेलसम्म राखे गरी आवासीय पुर्नस्थापना केन्द्र रहने व्यवस्था गर्ने।

उमा रेग्मी
मन्त्री

(ख) **स्वास्थ्य सुविधा:** अपाङ्गता भएका व्यक्तिलाई आवश्यक थेरापी सहितका नियमित स्वास्थ्य सेवा प्रदान गर्ने गरी स्वास्थ्य सेवा युनिटको व्यवस्था गर्ने ।

(ग) **मनोरञ्जन एवं खेलकूद परिसर:** अपाङ्गता भएका व्यक्तिलाई उनीहरुको अवस्था अनुसारका Indoor तथा Outdoor खेलहरु खेल्न र खेलाउन सकिने गरी खेलकुद परिसर तथा गीत, संगित, नृत्य तथा अन्य मनोरञ्जनका साधन, स्रोतको व्यवस्था गर्ने।

(घ) **दिवा सेवा केन्द्र:** अपाङ्गता भएका व्यक्तिका लागि दिउँसोको समयमा सेवा र स्याहार उपलब्ध गराउने गरी दिवा सेवा केन्द्र सञ्चालन गर्ने ।

(ङ) **सीपमूलक तालिम केन्द्र:** अपाङ्गता भएका व्यक्तिलाई आयआर्जन गर्न तथा आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागि निजको रुची र अवस्था अनुसार उत्पादन तथा व्यवसायमुखी सीपहरु प्रदान गर्ने।

(च) **बिक्री प्रवर्द्धन केन्द्र:** अपाङ्गता भएका व्यक्तिले अपाङ्गता ग्राम वा निजको वासस्थानमा आफ्नो श्रम र सीप प्रयोग गरी उत्पादन गरेका सामग्रीहरु बेचबिखन गर्न प्रदेश तथा स्थानीय तहमा स्थापना भएका कोशेलीघर वा सौगातगृह जस्ता केन्द्रमा बिक्री प्रवर्द्धनको व्यवस्था मिलाउने।

(छ) **पुस्तकालय:** अपाङ्गता भएका व्यक्तिले अध्ययन, अध्यापन गर्न चाहेमा ज्ञानको स्रोत केन्द्रको रुपमा रहने गरी पुस्तकालयको व्यवस्था मिलाउने।

(ज) **सूचना, सञ्चार तथा तथ्याङ्क केन्द्र:** अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सबै प्रकारका सूचना उपलब्ध हुने गरी अपाङ्गमैत्री ढाँचामा सूचना उपलब्ध गराउने। प्रदेशभित्र रहेका अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क समेत उपलब्ध हुने गरी तथ्याङ्क राख्ने ।

(झ) **सहायक सामग्री उत्पादन:** अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सहायक सामग्रीहरु उत्पादन तथा नि:शुल्क वितरण गर्ने व्यवस्था मिलाउने ।

(ञ) **शिक्षा सम्बन्धी व्यवस्था:** अपाङ्गता भएका व्यक्तिका लागि अनौपचारिक कक्षा सञ्चालन गरी साक्षर बनाउने साथै पढ्ने उमेरका बालबालिकालाई औपचारिक शिक्षाको व्यवस्था मिलाउने ।

(२) उपदफा (१) बमोजिमका सेवा सुविधा सहितको ग्राम पूर्ण क्षमतामा सञ्चालन नहुँदासम्म प्राथमिकता निर्धारण गरी क्रमश सेवा उपलब्धता तथा विस्तार गर्दै केन्द्र सञ्चालन गरिनेछ ।

(३) अपाङ्गता ग्रामबाट प्रदान हुने सेवा सम्बन्धी व्यवस्था अनुसूची-१ बमोजिम हुनेछ ।

५. <u>पूर्वाधार विकास सम्बन्धी व्यवस्था</u>: अपाङ्गता ग्राममा पूर्वाधार विकास सम्बन्धी व्यवस्था देहाय बमोजम हुनेछ:-

(क) अपाङ्गता ग्रामको प्रवेशद्वार सहितको सीमा पर्खाल वा तारबार,

(ख) अपाङ्गताको प्रकृति अनुसारको अपाङ्गतामैत्री भवन तथा पूर्वाधारहरु,

(ग) अपाङ्गताको प्रकृति अनुसारको छुट्टाछुट्टै पूर्वाधार वा यूनिटको व्यवस्था,

(घ) अपाङ्गमैत्री सडक सञ्जाल,

(ङ) आन्तरिक विद्युत वितरण लाइन,

(च) आवश्यकताअनुसार वैकल्पिक उर्जाको प्रयोग,



रमा रेग्मी
मन्त्री

(छ) पानी आपूर्ति व्यवस्था,

(ज) भूमिगत र सतह ढल निकासको व्यवस्था,

(झ) फोहोर व्यवस्थापन (फोहोरमैला सङ्कलन तथा विसर्जन),

(ञ) सञ्चार सुविधाको व्यवस्था (टेलिफोन, इन्टरनेट तथा कुरियर सेवा) ।

(ट) अन्य आवश्यक भौतिक संरचना ।

६. <u>अपाङ्गता ग्राम निर्माण तथा छनौट सम्बन्धी व्यवस्था:</u> (१) मन्त्रालयले प्रदेश मन्त्रालयलाई अपाङ्गता ग्राम निर्माण तथा सञ्चालनको लागि लिखित रुपमा जानकारी गराउनेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट लिखित जानकारी प्राप्त भएपछि प्रदेश मन्त्रालयले अपाङ्गता ग्राम निर्माण तथा सञ्चालनको लागि स्थान छनौट गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) अपाङ्गता ग्राम निर्माण तथा सञ्चालनको लागि अनुसूची-२ बमोजिमको मापदण्ड पुरा गरेको हुनपर्दछ ।

(४) प्रदेश मन्त्रालयले ग्राम निर्माण तथा सञ्चालनका लागि स्थान छनौट गर्दा देहायका आधारमा छनौट गर्नेछः-

(क) ग्राम निर्माण वा सञ्चालन गर्नका लागि जग्गा प्राप्त भएको,

(ख) ग्राम निर्माण गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भएको,

(ग) प्रदेस मन्त्रालयबाट बहुवर्षीयरुपमा लगानी गर्न प्रतिबद्धता भएको निर्णयको प्रतिलिपी,

(घ) सीपमुलक कार्यक्रम तथा स्वरोजगार बनाउने कार्यक्रमलाई प्राथमिकतामा राखिएको,

(ङ) प्रदेश सरकारबाट छनौट भई निर्माण एवं सञ्चालन भइरहेका निर्माणाधिन ग्राम भए सो को विवरण ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेशबाट सञ्चालन वा निर्माण भईरहेका अपाङ्गता ग्रामको लागि दफा (३) मा भएको व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

(६) मन्त्रालयले ग्राम निर्माणका लागि छनौट भएका प्रदेशका सम्वन्धित मन्त्रालयसँग सम्झौता गर्नेछ ।

(७) छनौट भई सम्झौता भएका ग्रामको लागि मन्त्रालयले विनियोजित बजेटको सीमाभित्र रही बजेट निकासा गर्नेछ ।

(८) मापदण्ड विपरित भई वा कुनै कारणले ग्राम निर्माणका लागि साझेदारी हुन नसकेमा मन्त्रालयले सो को कारण खुलाई प्रदेश मन्त्रालयलाई जानकारी गराउनेछ ।

(९) प्रदेश मन्त्रालयले स्थानीय तहको छनौट प्रक्रिया आफै निर्धारण गर्नेछ ।

७. <u>लगानी साझेदारी सम्बन्धी व्यवस्था:</u> (१) अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन संघ र प्रदेशको लागत साझेदारीमा गरिनेछ।

उमा रेग्मी
मन्त्री

(२) नेपाल सरकारको पूर्व स्वीकृति लिई अपाङ्गता ग्राम निर्माण तथा सञ्चालनमा विकास साझेदारहरु, विभिन्न संघसंस्थाहरु लगायतका साझेदारहरुले सहयोग उपलब्ध गराउन सक्नेछन्। ।

८. <u>निर्माण तथा सञ्चालन सम्बन्धी व्यवस्थाः</u> (१) नयाँ भौतिक संरचना निर्माण गरी अपाङ्गता ग्राम सञ्चालन गर्न वा निर्माण भइसकेको संरचना प्राप्त हुन सक्ने अवस्था भएमा उक्त संरचनामा आवश्यकता अनुसार स्तरोन्नती र सुधार गरी सञ्चालन गर्न सकिनेछ ।

(२) प्रदेशबाट छनौट भई निर्माण वा सञ्चालन भइरहेका निर्माणाधीन ग्रामका लागि साझेदारी गर्न सकिनेछ ।

(३) प्रदेश मन्त्रालयले पूर्वाधार निर्माण गर्दा अन्य क्षेत्रगत मन्त्रालयसँग समन्वय गरेर निर्माण गर्न सक्नेछ ।

(४) प्रदेश मन्त्रालयले ग्राम सञ्चालन गर्दा आफै कार्यविधि बनाइ सञ्चालन गर्नुपर्नेछ ।

९. <u>निर्माण तथा सञ्चालन सम्बन्धी व्यवस्थाः</u> (१) अपाङ्गता ग्रामको समग्र व्यवस्थापन तथा सञ्चालनका लागि ग्राम रहने प्रदेश मन्त्रालयका सचिवको संयोजकत्वमा देहाय बमोजिमको निर्माण, व्यवस्थापन तथा सञ्चालन समिति रहनेछः

| | |
|---|---|
| (क) सचिव, प्रदेश मन्त्रालय | -संयोजक |
| (ख) अपाङ्गता ग्राम रहने स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (ग) प्रदेश योजना आयोगले तोकेको अधिकृतस्तरको कर्मचारी | -सदस्य |
| (घ) ग्राम रहने जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतस्तरको कर्मचारी | -सदस्य |
| (ङ) प्रदेश प्रहरी प्रमुखले तोकेको अधिकृतस्तरको कर्मचारी | -सदस्य |
| (च) प्रदेश स्वास्थ्य निर्देशनालयले तोकेको वरिष्ठ स्वास्थ्यकर्मी वा अस्पतालको चिकित्सक | -सदस्य |
| (छ) राष्ट्रिय अपाङ्ग महासँघको प्रदेश संयोजक वा निजले तोकेको व्यक्ति | -सदस्य |
| (ज) अपाङ्गता क्षेत्र हेर्ने महाशाखा प्रमुख, प्रदेश मन्त्रालय | -सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको सचिवालय प्रदेश मन्त्रालयमा रहनेछ।

(४) समितको बैठक सञ्चालन सम्वन्धी कार्यविधि समिति आफैले बनाउन सक्नेछ ।

१०. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> निर्माण, व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) ग्राम निर्माण, व्यवस्थापन तथा सञ्चालनका सम्बन्धमा नीतिगत निर्णय सम्वन्धमा प्रदेश मन्त्रालयमा पेश गर्ने,

(ख) ग्राम निर्माण र सञ्चालनको व्यवस्था मिलाउने ।

(ग) ग्राम सञ्चालनका लागि स्रोत साधन जुटाई परिचालन गर्ने,

उमा रेग्मी
मन्त्री

(घ) ग्रामको चल अचल सम्पत्तिको लगत राख्न लगाउने र सम्पत्तिको सुरक्षा गर्ने,

(ङ) कार्यक्रम तथा बजेट अनुमान गरी प्रदेश मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) प्रचलित कानुन बमोजिम लेखा परिक्षण गर्ने गराउने,

(छ) अपाङ्गता ग्रामको चौमासिक प्रगति मन्त्रालय समक्ष पेश गर्ने,

११. <u>कार्यान्वयन तथा खर्च सम्बन्धी व्यवस्था</u>: कार्यान्वयन तथा खर्च सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछः-

(क) निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यको नेतृत्व प्रदेश सरकार आफैं वा प्रदेश सरकारले सम्झौता गरी ग्राम रहने सम्बन्धित स्थानीय तह मार्फत गराउन सकिनेछ ।

(ख) अपाङ्गता ग्राम निर्माण तथा सञ्चालनका लागि हुने खर्च सम्बन्धित निकायले प्रचलित नेपाल कानुन बमोजिम गर्नुपर्नेछ ।

(ग) प्रदेश सरकारले ग्राम निर्माण तथा सञ्चालनका लागि वार्षिक बजेट विनियोजन गर्नुपर्नेछ ।

## परिच्छेद– ३

## <u>विविध</u>

१२. <u>अनुगमन तथा मूल्याङ्कन</u>: (१) अपाङ्गता ग्राम निर्माण तथा सञ्चालनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित प्रदेश मन्त्रालयको हुनेछ।

(२) प्रदेश मन्त्रालयले ग्राम निर्माण तथा सञ्चालनको आवश्यकता अनुसार अनुगमन गरी प्रगति तथा उपलब्धि मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) प्रदेशले ग्राम निर्माण तथा सञ्चालनको अवस्थाको वारेमा मन्त्रालयमा नियमित जानकारी गराउनेछ ।

१३. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका विषयको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. खारेजी तथा बचाउः (१) प्रदेशस्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण तथा सञ्चालन सम्बन्धी मापदण्ड,२०७७ लाई खारेज गरिएको छ ।

(२) उक्त मापदण्ड बमोजिम भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

उमा रेग्मी
मन्त्री

अनुसूची-१

<u>(दफा ४ उपदफा (३) सँग सम्बन्धित)</u>

अपाङ्गता ग्राममा रहने सेवा सम्बन्धी व्यवस्था

(क) पुनर्स्थापना केन्द्र सम्बन्धी व्यवस्था

(ख) स्वास्थ्य सुविधाको उपलब्धता/ थेरापी

(ग) मनोरञ्जन एवं खेलकूद परिसर सम्बन्धी व्यवस्था

(घ) दिवा सेवा केन्द्र सम्बन्धी व्यवस्था

(ङ) सिपमूलक तालिम केन्द्र सम्बन्धी व्यवस्था

(च) बिक्री प्रवर्द्धन केन्द्र सम्बन्धी व्यवस्था

(छ) पुस्तकालय सम्बन्धी व्यवस्था

(ज) सूचना तथा संचार केन्द्र सञ्चालन सम्बन्धी व्यवस्था

(झ) सहायक सामग्री उत्पादन र वितरण सम्बन्धी व्यवस्था

(ञ) शिक्षा सम्बन्धी व्यवस्था

(ट) सहायता कक्ष र सोधपुछ कक्षको व्यवस्था

उमा रेग्मी
मन्त्री

अनुसूची-२

(दफा ६ उपदफा (३) सँग सम्बन्धित)

अपाङ्गता ग्राम सम्बन्धी मापदण्ड

(क) सीपमुलक कार्यक्रम तथा स्वरोजगार बनाउने कार्यक्रमलाई प्राथमिकतामा राखिएको,

(ख) ग्राम निर्माण वा संचालन गर्ने स्थानमा जग्गा प्राप्ति गरेको प्रमाणित विवरण,

(ग) ग्रामको विस्तृत आयोजना प्रतिवेदन (DPR) संलग्न गर्नुपर्ने,

(घ) प्रदेश सरकारबाट बहुबर्षियरुपमा लगानी गर्न गरिएको प्रतिबद्धता,

(ङ) ग्राम निर्माण तथा संचालन गर्ने प्रतिबद्धता,

(च) ग्राम निर्माण गर्न आवश्यक पर्ने चार किल्ला खुलेको जग्गाको विवरण,

(छ) दुई वा दुई भन्दा बढी स्थानीय तहको भौगोलिक क्षेत्रमा पर्ने जग्गा रहेछ भने सम्बन्धित स्थानीय तहको निर्णय सहितको सहमति हुनुपर्ने,

(ज) प्रदेश सरकारबाट छनौट भई निर्माण एवं सञ्चालन भइरहेका निर्माणाधिन ग्राम भए सो को विवरण,

(झ) भौगोलिक दृष्टिकोणबाट उपयुक्त हुनु पर्ने,

(ञ) आवश्यकता अनुसार नेपाल सरकारले निर्धारण गरेको अन्य मापदण्ड ।

उमा रेग्मी
मन्त्री